# उच्च अदालत पाटनबाट जारी गरिएको सूचना

यस अदालतबाट मिति २०७७/०४/०८ मा प्रकाशित सूचनामा बन्दाबन्दीको कारण यस अदालतमा उपस्थित हुन नसकी हदम्याद, म्याद, तारिख गुज्रन गएका काठमाण्डौ उपत्यकाभित्रका सेवाग्राही एवं मुद्दाका पक्षहरुले मिति २०७७/०४/०८ गतेदेखि बाटोको म्याद बाहेक ३० दिनभित्र उपस्थित हुनुपर्ने तथा लामो तथा छोटो दूरीका सवारी साधन एक जिल्लाबाट अर्को जिल्लामा र आन्तरिक तथा अन्तरराष्ट्रिय हवाई उडान २०७७/०५/०१ देखि सञ्चालन हुने सन्दर्भमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीहरु मिति २०७७/०५/०१ गतेदेखि बाटोको म्याद बाहेक ३० दिनभित्र उपस्थित हुन भनी उल्लेख गरिएकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७/०४/२६ को निर्णय तथा सम्मानित सर्वोच्च अदालतको मिति २०७७/०४/३२ मा प्रकाशित सूचना अनुरुप सार्वजनिक यातायातका साधन मिति २०७७/०५/१६ गतेदेखि मात्र संचालन हुने भएबाट अन्य जिल्लामा रहेका हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने सेवाग्राहीहरुका लागि २०७७ भाद्र १६ गतेदेखि बाटोको म्याद बाहेक ३० दिनभित्र उपस्थित हुनेपर्ने भनी उल्लेख भए बमोजिम काठमाण्डौ उपत्यकाभित्रका सेवाग्राही तथा मुद्दा पक्षहरुको हकमा पूर्व प्रकाशित सूचना बमोजिम हुने तथा अन्य जिल्लाबाट यस अदालतमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने सेवाग्राही तथा मुद्दाका पक्षहरुको हकमा मिति २०७७ भाद्र १६ गतेदेखि बाटोको म्याद बाहेक ३० दिनभित्र उपस्थित हुनुपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मितिः २०७७/०५/०३

शम्भुप्रसाद रेग्मी
उपरजिष्ट्रार/ प्रवक्ता

# उच्च अदालत पाटनबाट जारी गरिएको सूचना

कोरोना भाइरस (COVID-19) को महामारी बढ्दै गइरहेको कारण सो न्यूनीकरणका लागि काठमाण्डौ उपत्यकाभित्रका जिल्लामा २०७७/०५/०४ गतेदेखि निषेधाज्ञाको आदेश जारी भएको हुँदा उपत्यकाभित्रका सेवाग्राहीले सो परिस्थितिका कारण हदम्याद, म्याद र तारिखमा उपस्थित हुन नसक्ने भएमा त्यस्ता सेवाग्राहीहरुले निषेधाज्ञाको आदेश समाप्त भएपछि यस अदालतमा सम्पर्क राख्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

मितिः २०७७/०५/०३

शम्भुप्रसाद रेग्मी
उपरजिष्ट्रार/ प्रवक्ता